**DOI:** https://doi.org/10.3126/pragyaratna.v6i2.70552

Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Pragyaratna**

*A Peer-Reviewed, Open Access Journal*

# 'कृतासा' कविता सङ्ग्रहमा अभिव्यक्त यथार्थता

गणेशराज अधिकारी [a] ✉

✉lionganesh2017@gmail.com

[a] Faculty of Education, Tribhuvan University, Mahendra Ratna Campus

**Article Info**

**Received:** August 10, 2024

**Accepted:** September 12, 2024

**Published:** October 22, 2024

**लेखसार**

*तारा पाण्डेबाट लेखिएको कृतासा कविता सँगालोमा समसामयिक यथार्थका विविध पक्ष समेटिएका छन् । यथार्थको अध्ययनलाई मुख्य विषय बनाएको यस लेखले देशप्रेम, सामाजिक नीति चेतना ,सामाजिक परिवेश, सामाजिक आर्थिक अवस्था, संस्कृति, राजनीति, शिक्षा नीति, कर्तव्य र मनोभावजस्ता विषयलाई काव्यमा मुख्य विषय बनाएर तथ्यमा आधारति बनाएर प्रस्तुत गरिएको छ । कुटनीति, भौतिक उन्नति र त्रास, मानवीय भाव, धार्मिक र जैविक यथार्थता जस्ता विषय काव्यमा मुख्य विषय भएर आएका छन् । यी विषयलाई उद्देश्य बनाएर प्रस्तुत गरिएको छ । उपर्युक्त तथ्यलाई कविता सङ्ग्रहमा समेटिएकोले यथार्थ भाव सम्प्रेषण गर्न कविता सङ्ग्रहमा समेटिएका कविता सफल देखिएका छन् । यथार्थता प्रस्तुतिका दृष्टिले कविता सङ्ग्रहका कविता सामयिक, सान्दर्भिक र औचित्यपूर्ण हुन पुगेका छन् ।*

**शब्दकुञ्जी**: *कुटनीति, चेत, दृष्टान्त, सार्थकता*

## विषय प्रवेश

साहित्यको प्रयोग विभिन्न भेदमा हुने गर्दछ । दृश्य, श्रव्य, र पाठ्य यसका भेद हुन् । रुपक दृश्य भेदमा सफल मानिन्छ । रुपकभन्दा बाहेकका विधा पाठ्य र श्रव्य भेदबाट व्यवहृत हुन्छन् । साहित्यलाई विधाको समष्टिका रुपमा लिइन्छ । काव्य साहित्यको एक प्रमुख विधा हो ।

काव्यका पनि अनेकानेक उपभेद छन् । आकारगत आयमका दृष्टिले कविता लघुतम, लघु, मझौला र बृहत् गरी चार प्रकृतिका छन् (ढुङ्गेल, अधिकारी, र गौतम २०७६, पृ. १३) । मुक्तक लघुतम भेदमा पर्दछ । फुटकर कविता, गीत, गजल लघु भेदमा पर्दछन् । खण्डकाव्य मझौला भेदमा पर्दछ । महाकाव्यहरु भने बृहत भेदमा समेटिछन् ।

तारा पाण्डेको प्रस्तुत 'कृतासा' कविता सङ्ग्रह कविताका लघु रुपहरुको सँगालो हो । यस सङ्ग्रहभित्रका सबै कविततााहरु लघु भेदका सामग्री बनेका छन । 'कृतासा' कविता सङ्ग्रहका कविता काव्यका लघु भेदका नमुना सामग्री हुन् ।

'कृतासा' सङग्रहकी सर्जक तारा पाण्डे वि.सं. २०४८ जेठमा दोलखामा जन्मनु भएको हो । शिक्षा आर्जनका हेतु काठमाडौंबाट प्रवेशिका पछिको शिक्षा हासिल गर्नुभएको छ । शिक्षाशास्त्रमा नेपाली विषय लिई स्नातकोतर गरेकी सर्जक पाण्डेको जीवन सङ्घर्षमय देखिन्छ । उनका स्फुट केही रचना र लेख महेन्द्ररत्न क्याम्पस ताहाचलको अभिलेखमा भेटिन्छन् । प्रकाशित र औपचारिक सामग्री भने भुँडीपुराण प्रकाशनबाट वि.सं २०७७ मा प्रथम प्रकाशित भएको हो । कृतिका विषयमा छत्रमणि राई र सिता ओझाका विचारले उनलाई सिर्जनाशील स्रष्टाको रुपमा चिनाएका छन् । उनले स्थानीय सरोकार डट कम स्तम्भमा फुटकर कविता प्रकाशन गरेर औपचारिक लेखन आरम्भ गरेकी हुन् । निरन्तर कर्ममा लाग्ने साधकले नै लेखनमा सफलता पाउँछ । यही कारण सर्जक पाण्डेले लेखनबाट सफलताको यात्रा सुरु गरेकी हुन् ।

सर्जक पाण्डेको 'कृतासा' कविता सङ्ग्रह गद्य कविताको संगालो हो । यसमा नेपाली काव्यका उत्तर आधुनिक चेत देखा परेपछि लेखिएका कवि र काव्यको प्रभाव देखा पर्दछ । ४२ वटा कविताको सँगालो भएर आएको यस सङ्ग्रहका कविता पढ्दा समाजको र हाम्रो मानसिकताको चित्र छर्लङ देख्न सकिन्छ । सर्जकले कवितामा व्यक्त विचारबाट यथार्थता अभिव्यक्त गरेकी छन् । केही दृष्टान्त यसरी प्रस्तुत गर्न सकिन्छ :

हराउँदै गएको मानवता
सामाजिक सांस्कृतिकतामा
रुपान्तरित भएको छ (पाण्डे, २०७७, पृ १) ।

मानवता हराएकोमा सर्जकमा चिन्ता व्याप्त छ । मानवता समाज र संस्कृतिमा रुपान्तरण हुनुपर्छ भन्ने सकारात्मक चिन्तन व्यक्त भएको पाइन्छ ।

तिमीले मानवताको

नयाँ परिभाषा खोज्न
घच्घच्यायौँ, बिउँझायौ
अणु परमाणुसँग होइन ,
जीवाणुसँग लड्न सिकायौँ (पाण्डे,२०७७, पृ ५) ।

'नयाँ वर्ष' कवितामा सर्जकको आशावादी भाव र सकारात्मक सोच र चेत सुन्न पाइन्छ। यही चेत नै मानवतासँग जोडिएको विषय हो।

भ्रष्टचारी बढेका छन्
तह लगाउ, सरकार,
विधि विधान अन्योल छ
कर तिराउ सरकार (पाण्डे, २०७७ पृ १२ ) ।

'तेस्रो आँखा' शीर्षक कवितामा व्यक्त विचार राष्ट्रिय भाव र कर्तव्यले ओतप्रोत छ। राज्य चलाउन सरकार कठोर हुनुपर्दछ । विधि विधानको वास्तविक पालना हुनुपर्दछ भन्ने मुख्य भाव काव्यबाट अभिव्यक्त गरिएको छ। यसले असल सामाजिकक नीति नियमको पक्षपोषण गरेको छ।

मेरो तीज आज
वाइन र भोड्कामा
चुर्लम्म डुबेको छ ! (पाण्डे, २०७७ पृ. १७ ) ।

हाम्रो संस्कृति, सभ्यता, चाडपर्वहरु कसरी ध्वस्त र विकृति हुँदै छन् भन्ने जीवन्त चित्रण भएको छ। यसले विसङ्गति कति र कस्तो तरिकाले मौलाउँदै छ भन्ने गतिलो सन्देस दिएको छ।

हाम्रो राजनीति
लाजनीति भो !
हाम्रो समाजनीति !
निषेधनीति भो !
हाम्रो संस्कारनीति !
रणसंस्कार भो !

सर्जक पाण्डेले राजनीति समाज र संस्कारमा समेत गलत ढङ्गले हावी भयो भन्दै यस यथार्थलाई वास्तविक यर्थाथ बनाएर प्रस्तुत गरेकी छन् ।

विद्यालयमा विधि होइन
गुण्डागिरी मच्चाउँछ
अफिसमा पार्टीको भेला राख्छ
कक्षा देखेको छैन ।

फेरिएको शिक्षक शीर्षकको कवितामा सर्जक पाण्डेले शिक्षा क्षेत्रमा यस्तै शिक्षकबाट दुर्गति भएको छ भनेर शैक्षिक दुरावस्थाको चित्रण गरेकी छन् । 'उठ जाग हो' कविताले आशावादी स्वर बोकेको छ। राष्ट्रको उत्थान र नागरिकहरुको हितको लागि हामी उठ्न ढिला गर्न नहुने भाव सङ्केत गरिएको छ। राष्टियतालाई संवेद्य विषयको रुपमा प्रस्तुत गर्दै 'मेरो इतिहास' कवितामा सर्जक पाण्डे यसो भन्छिन्-

हाम्रा सबै सिमा नाका
हुचिलबाट बचुन्
वाज र गरुडबाट
परेवा र सर्पहरु बचुन्
बन मानुषबाट
नेपालीहरु बचुन् (पाण्डे, २०७७ पृ.५८)

तारा पाण्डेका कवितामा प्रकृति प्रेम, राष्ट्रियता, मानवता, प्रगतिवादी चेतना, यथार्थ चेत , प्रत्यक्षतः मुखरित छन् । त्यसैगरी आर्दश भाव, अस्तित्वबोध , विसङ्गतिबोध र चेत पनि स्वाभाविक रुपमा काव्यका विषय बनेका छन् । परिवार , समाज, बाबुआमा, अभिभावक, सबैप्रति सम्मानभाव प्रकट गर्नु सर्जकमा समन्वयबोधको चेत भएका उपयुक्त दृष्टान्त हुन् ।

**समस्या कथन**

'कृतासा' कविता सङ्ग्रहमा अभिव्यक्त यथार्थता पहिचान गर्नु नै यस अनुसन्धानको समस्या हो। सर्जक तारा पाण्डे रचित 'कृतासा' मा

व्यक्त भएको यथार्थको खोजी गर्नु यस अनुसन्धानात्मक लेखको मुख्य प्रयोजन हो । यथार्थको खोजी गर्ने क्रममा विविध यथार्थ कसरी र कुन किसिमले प्रस्तुत भएका छन् ? यही पक्षको खोजी गर्नु यस लेखको अध्ययनीय समस्या हो । कवितामा यथार्थ अभिव्यक्त गर्ने क्रममा पाण्डेले नेपाली मन, भाव, संवेदना, प्रेम र कर्तव्यलाई सामाजिक र मानवीय विषय बनाएर यिनका माध्यमबाट यथार्थ कसरी प्रस्तुत भएको छ भन्ने कुरा खोज्नु नै यस अनुसन्धानात्मक लेखको मुख्य समस्या हो । अध्ययनको समस्या यसरी प्रस्तुत भएको छ :

क) 'कृतासा' कविता सङ्ग्रहमा के कस्तो यथार्थ प्रस्तुत छ ?

ख) 'कृतासा' कविता सङ्ग्रहमा अभिव्यक्तिको प्रयोग कसरी भएको छ ?

### अध्ययनको उद्देश्य

कृतासा कविता सँगालोमा समाजको अवस्थालाई जस्ताको तस्तै प्रस्तुत गरिरिएको छ। पाण्डेका कवितामा व्यक्त भएका भाव यथार्थ छन्। भावको प्रवाहमयता भने उनका कवितामा कम भेटिन्छ। काव्यमा अभिव्यक्त यथार्थ पत्ता लगाई उक्त यथार्थको विश्लेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ। समस्यामा उठाइएका जिज्ञासा वा प्रश्नको प्राज्ञिक उत्तर नै उद्देश्य हो। समस्यामा उठाइएका प्रश्नको उत्तरलाई उद्देश्यका रुपमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

क) कविता सङ्ग्रहमा अभिव्यक्त यथार्थ पत्ता लगाउनु ,

ख) कविता सँगालोमा व्यवहृत अभिव्यक्ति तरिकाको विश्लेषण गर्नु ।

### अध्ययनको औचित्य

प्रस्तुत अध्ययन सर्जक पाण्डेको 'कृतासा' कृतिमा अभिव्यक्त यथार्थको खोजीमा केन्द्रित छ। काव्यमा विविध प्रकृतिका यथार्थ अभि( व्यक्त छन्। कवितामा विविध यथार्थ प्रस्तुत हुनुले अभिव्यक्त यथार्थका दृष्टिले कृतासा कविता सङ्ग्रहका कविता सामाजिक, नैतिक, प्राकृतिक, राजनीतिक, आदर्श अभिव्यक्ति जस्ता प्रस्तुतिका दृष्टिले औचित्यपूर्ण छन् ।

अनुसनधान, खोज तथा स्वअध्ययनमा लागेका वा लाग्ने जो कोही शोधार्थीका लागि यस अध्ययनले थप सहयोग गर्छ। अझ 'कृतासा' कविता सँगालोमा यथार्थको खोजी गर्नेका लागि त यो अध्ययन थप सहयोगी र सार्थक रहने छ। यसका अतिरिक्त काव्यमा खोजिने अन्य विविध पक्षको प्रयोग र अभ्यासका दृष्टिले पनि काव्य औचित्यपूर्ण छ।

### अध्ययनको परिसीमा

यो अध्ययन सर्जक तारा पाण्डेको 'कृतासा' काव्यको अध्ययनमा मात्र सीमित भएको छ। यसले काव्यमा अभिव्यक्त यथार्थलाई मात्र व्याख्या र समीक्षाको विषय बनाएको छ। सामाजिक धरातल र वास्तविक यथार्थलाई अभिव्यक्त यथार्थको रूपमा मात्र सीमित गरिएको छ।

### सैद्धान्तिक आधार

प्रस्तुत लेखमा सैद्धान्तिक तथा अवधारणत्मक गरी दुई खालका अवधारणाको चर्चा गरिएको छ। व्याख्याका क्रममा उक्त दुवै पक्षलाई अवलम्बन गरिएको छ।

यथार्थवाद कृतिमा श्रेष्ठ (२०७८) वस्तु तथा त्यसमा निहित सत्यको खोज वस्तुपरक भएर प्रयोग हुनु यथार्थता हो भन्छन् (श्रेष्ठ,२०७८ पृ २)। यथार्थताले सामाजिक, सांस्कृतिक, नैतिक मूल्य बोकेको हुन्छ। यस्ता मूल्य सर्जकका कवितामा विभिन्न माध्यम भएर यथार्थ भाव सम्प्रेषण गर्न आएका छन्। व्याख्या वा समीक्षा गर्ने क्रममा यस्ता पक्ष खोज्ने र केलाउने काम गरिन्छ।

वस्तु सत्यलाई यथार्थ मानिन्छ। जे देखिन्छ त्यही भन्नु नै यथार्थ हो। हाम्रा अगाडि जे छ त्यही यथार्थ हो। जे भेटिन्छ त्यही सत्य हो। यसले आफूले देखेको वस्तुगत कुरामा विश्वास राख्छ। यसको सम्बन्ध यथार्थ जगत्सँग रहेको हुन्छ। हामी जे देख्छौँ त्यो प्रकृतिमा हुने भएकोले प्रकृति र प्रकृति जगत्सँग मिलेर यी एक अर्काका सहयोगी बन्न पुग्छन्।

नेपाली कविता सङ्ग्रह भाग २ मा सम्पादक जोशी (२०४३) मानिसमा आफु जस्तो छ जस्तो संस्कार र सामाजिक परिवेशमा उसको मनोभूमि निर्माण भएको हुन्छ , त्यस्तै आग्रह राख्नु सामाजिक नैतिक पक्षमा प्रस्तुत हुने यथार्थता हो (जोशी,२०४३ पृ ३६ ) भन्छन्। सम्पादक जोशी कवितामा सामाजिक नैतिक पक्षको विषयमा पाश्चात्य समीक्षक मैत्थु आर्नोल्डको विचारलाई नैतिकता देशकाल सापेक्ष हुने भनेर बताउँछन्।

'कृतासा' काव्य सङ्ग्रहका कवितामा रहेका अभिव्यक्तिलाई काव्यमा व्यक्त विषयमध्ये विभिन्न यथार्थलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ। मानव जीवन र जगत बिचको सम्बन्धले देखा पर्ने वास्तविकतालाई यथार्थ आँखाले हेरेर त्यसलाई यथार्थ भनेर मान्ने वा बुझ्ने परम्परा छँदै छ।

साहित्यमा यथार्थताको अध्ययन गर्दा कम्तिमा पनि समाजको सामाजिक पक्ष, सामाजिक रुपान्तरण, सत्यम्, सुन्दरम्जस्ता प्रभावलाई ध्यान दिइन्छ। वस्तुको यथार्थ प्रकृतिबाट कलाको सिर्जना हुँदैन भन्ने मान्यता यथार्थताको छ। वस्तु जस्तो छ त्यस्तै प्रस्तुति यथार्थताको मान्यता हो ( अधिकारी , गौतम र ढुंगेल,२०७९, पृ.१२२)। सामाजिकता भनेको चाहिँ समाजको सर्वमान्य व्यवस्था हो। समाजका सामाजिक पक्षसँग सम्बन्ध राख्ने धेरै पक्षहरु यसमा जोडिन्छन्। धेरै पक्षमध्ये यथार्थता पनि एक प्रमुख पाटो हो। भौतिक पक्षचाहिँ प्रत्यक्ष जोडिन्छ। समाजसँग सिधै जोडिने राजनीतिक, आर्थिक, वर्गीय, लैङ्गिक आदि पक्षको संयोजन जीवन्त भएर प्रस्तुत भएको हुन्छ। वस्तुत : यही पक्ष नै सामाजिक पक्ष हो।

समाजका सदस्य स्वभावैले परिवर्तनको अपेक्षा राख्छन्। मान्छेका चाहानाअनुसार समाजमा फेरबदल हुन्छ। यही फेरबदल नै परिवर्तन हो। वस्तुगत यथार्थमा भौतिक वा बाह्य जीवन, जगत वस्तु यथार्थ हो। साहित्यिक यथार्थले भने सामाजिक यथार्थलाई अँगाल्दछ ( आचार्य,२०६७, पृ.१९४)। समाजको व्यवस्थामा आएको फेरबदललाई सामाजिक परिवर्तनका रुपमा बुझिन्छ। यस किसिमको परिवर्तन

समाजको संरचना वा बनोटमा भएको परिवर्तन हो ।

समाजमा अनेक संयन्त्र अस्तित्वमा छन् । यस्ता संयन्त्रमा वर्गीय, लैङ्गिक, आर्थिक, राजनीतिक जस्ता पाटाहरु समेटिएका हुन्छन् । यसले समाजको स्वरुप तयार गरेको हुन्छ। यथार्थतासँग यस किसिमका सबै पक्षहरु जोडिएका हुन्छन्। प्रस्तुत अध्ययनमा पनि 'कृतासा' काव्य सङ्ग्रहभित्रका कवितालाई यथार्थताको कोणबाट विश्लेषण गरिएको छ ।

**अध्ययन विधि**

कवि पाण्डेबाट रचित 'कृतासा' कविता सङ्ग्रहमा २०७६ साल चैत्र २७ बाट २०७७ असारसम्मका रचनाहरु परेका छन्। कविता सङ्ग्रहमा परिवार, समय र प्रेम देखि 'आजको राशि' सम्मका ४२ वटा कविताहरु समेटिएका छन् । कवितामा प्राथमिक स्रोत समाजका यथार्थ घटना तथा कथ्य प्रस्तुत गर्ने पात्र रहेका छन् । द्वितीयक स्रोतका रुपमा अनुभव तथा दृश्यका घटना छन् । काव्यमा व्यक्त तथ्यलाई प्रत्यक्ष वर्णन र व्याख्या गरेर स्पष्ट्याइएको छ। यथार्थ अभिव्यक्तिको खोजीमा आगमन विधि अवलम्बन भएको छ। काव्यमा व्यक्त भएका तथ्यलाई व्याख्या विश्लेषणको प्रक्रियाका माध्यमबाट समीक्षा गरिएको छ। व्याख्या विशलेषण गर्दा गुणात्मक प्रकृतिको अनुसन्धान ढाँचा अँगालिएको छ ।

**सामग्री सङ्कलन र विश्लेषण**


सामग्री सङ्कलनमा पुस्तकालयलाई आधार बनाइएको छ । सङ्कलित गरिएका सामग्रीमध्ये मूल सामग्रीलाई अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ। व्याख्याका क्रममा कवि पाण्डेको 'कृतासा' कृतिलाई विविध यथार्थको प्रस्तुतिका दृष्टिले दृष्टान्त बनाइएको छ । कृतिको विश्लेषण गर्दा गुणात्मक विधि अवलम्बन गरिएको छ ।

'कृतासा' काव्य सङ्ग्रहमा अभिव्यक्त यथार्थ सामाजिक र सान्दर्भिक छन्। काव्यमा व्यक्त विषयवस्तुलाई यथार्थको प्रकृति र प्रस्तुतिका दृष्टिले विभिन्न उपशीर्षकमा उल्लेख गरिएको छ । पाण्डेले काव्यमा समसामयिक विषयको चित्रण गरेकी छन् । काव्य सङ्ग्रहमा सामाजिक, सांस्कृतिक, राजनीतिक, नैतिकजस्ता विषयले प्रमुख स्थान पाएका छन् ।

'कृतासा' काव्य सङ्ग्रहमा उठाइएका विषयले राजनीति, अर्थनीति, धर्मनीति, समाजनीति, संस्कृति, राष्ट्रियता, शिक्षा, सभ्यताजस्ता विषयलाई केन्द्र बनाएका छन्। संस्थागत समस्या, भ्रष्टाचार, अपवित्र गठबन्धन, मर्यादा उल्लङ्घन, कद्रटनीतिक विचलनजस्ता विषय काव्यमा प्रभावपूर्ण ढङ्गले उठाइएको छ । काव्यको समीक्षाका लागि सामग्री सङ्कलन गरी पाठात्मक अध्ययन तथा विश्लेषण गर्ने काम गरिएको छ। विश्लेषणका क्रममा गुणात्मक विधिलाई अवलम्बन गरएको छ।

**अवधारणात्मक ढाँचा**

कृतासा कविता सङ्ग्रहमा निहित यथार्थता प्रस्तुत गर्न निम्न अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ :




**सामग्रीको व्याख्या तथा विश्लेषण**

कृतासा काव्यमा आएका काव्य विषयलाई विश्लेषण गर्ने काम यस लेखमा गरिएको छ। काव्यको विश्लेषण गर्दा काव्यमा व्यवहृत भएका विभिन्न यथार्थ अध्ययन गरिएको छ। काव्यमा व्यवहृत भएका केही नमुना तथ्य निम्न छन् :

***पारिवारिक यथार्थको चित्रण***

'कृतासा' काव्यको पहिलो कविता 'परिवार समय र प्रेम' रहेको छ। यसले परिवारको वर्तमान यथार्थ स्थितिलाई प्रस्तुत गरेको छ। विषयलाई मार्मिक र जीवन्त बनाउन सर्जक पाण्डेले यसो भनेकी छन्-

छानो चुहेको झुपडी घरले
वर्षौंपछि आज मालिक पायो
कपाल फुलेका बा आमाले
आफ्ना छोराछोरी अनि
नातिनातिनाको माया पाए।
हराउँदै गएको मानवता
सामाजिक सांस्कृतिकतामा
रुपान्तरित भएको छ (पाण्डे, २०७७, पृ.१)

घर छोडेर प्रवासिएका परिवारका सदस्य घरमा उपस्थित भएको विषयलाई माथिका पङ्क्तिले दुरुस्त प्रस्तुत गरेका छन्। परिवारको उपस्थितिले गाउँका घर मर्मत भएका छन्। घरमा चहलपहल बढेको छ। मानवता सामाजिकतामा रुपान्तरित भएको भाव कविताका यथार्थ विषय भएका छन्।

***देशप्रेमको भाव अभिव्यक्त***

देशको माया र देशप्रतिको कर्तव्यलाई काव्यले सरल तर गहन ढङ्गले समेटेको छ। पहिलो कवितामा देशप्रेमको भावलाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ। कवितामा देशप्रेमको यथार्थ भाव यसरी पोखिएको छ :

आज बिउँझिएका छन्
ग्रिनकार्ड र पिआरहरु आज
नागरिकतामा रुपान्तरित हुँदै छन्
परिवार र देशको मायाले (पाण्डे, २०७७, पृ.२)।
देश फर्कंदा
भोज भतेर गर्ने हामी
अनि कहिले जाने त ?
इटाली,
अस्ट्रेलिया,
भन्दै छिमेकीलाई
उपहास गर्ने हामी (पाण्डे, २०७७, पृ.६७)।

परिवार र देशको मायाले कर्तव्य बोध गर्दै ग्रिनकार्ड र पि आर छोडेर देश फर्कने स्थिति आरम्भ भएको तथ्य कविताको दोस्रो पृष्ठमा व्यक्त भएको छ। कवितामा देशप्रेमको भावलाई पस्कन गरेको प्रयास यथार्थ छ। देशप्रेमप्रतिको सर्जक पाण्डेका विचार यथार्थ र सान्दर्भिक छन्।

***यथार्थभित्र आशावादी भावको प्रस्तुति***

कवितामा व्यक्त विचार यथार्थ छन्। यथार्थताभित्र उनी आशावादी स्वरसमेत मिसाउन पुग्छिन्। 'नववर्ष' कवितामा सर्जक यसरी प्रस्तुत भएकी छन्-

हरेक वर्ष पुरानो क्यालेन्डर च्यातेर
नयाँ पाना पल्टाउँदा
नयाँ पानाहरुसँगै थुप्रै
अवसर र आसाहरु
झोलामा बोकेर आउने
नववर्ष तिमीलाई स्वागत छ (पाण्डे, २०७७, पृ.३)।

संसार हाम्रै हो, स्वर्ग रचौं,
मन, मुटु एक पारी सृष्टि गरौं
सिर्जनाको नूतनातन स्वर्ग रचौं
रचनाको एउटा नयाँ मान जगाऔं

आहा ! कति मिठो सपना !  (पाण्डे,२०७७,पृ३)

सर्जक पाण्डेका माथिका काव्यांशले यथार्थ वर्तमान अवस्थाभित्र पनि प्रशस्त आशा र अवसर देखेका छन् । यसरी देखिएका आशा र अवसर यथार्थ छन् । काव्यमा व्यक्त यी विचार स्वाभाविक र वास्तविक छन् ।

***यथार्थताभित्र आदर्शको  अभिव्यक्ति***

'नववर्ष' कवितामा सर्जकले समाजको जब्बर बन्धन भएर रहेको मानवीय चरित्र र स्वभावलाई छोडेर आउन सुझाएकी छन् । स्वार्थीपन र वेइमानी छोडेर आउन भन्नु आदर्शको खोजी यथार्थबाट गरिएको छ ।

स्वार्थ त्यागेर आऊ

दुराचार अनाचार

छोडेर आऊ,

कालो बजारी र सिन्डिकेट तोडेर आऊ

(पाण्डे, २०७७, पृ.५) ।

अहम् छोड

मेरो त्याग

आफन्त विर्स केबल

मानव बन (पाण्डे, २०७७, पृ.३८) ।

हामी जे जस्तो हालतमा छौँ , त्यो यथार्थ बनेर रहेको हाम्रो अवस्था र भूमिकालाई त्यागेर आउन आग्रह गर्नु आदर्शको खोजी हो । कवितामा आदर्श पक्षको खोजी गरिएको छ। आदर्श प्रस्तुत गर्न यथार्थको सहयोग लिइएको छ ।

***सामाजिक नीति चेतनाको प्रस्तुति***

कवितामा समाजमा रहेका वास्तविक अवस्थालाई चित्रण गरिएको छ। यिनले समाजमा निहित नीतिको काम गरेका छन् ।

दरबार धृतराष्ट्रको हो,

विदुरहरु अरण्य पस्छन्

अबको राजनीति भने

धृतराष्ट्रहरु नै गर्दछन्

धर्मनीति अर्थनीति

वस्त गेरु भिर्दछन् (पाण्डे, २०७७, पृ.८) ।

गुरु ! संसार चिनाउने

पलपलमा जीवन दिने

अहोरात्र श्रम गराउने

विद्याको बुटि दिने

जीवनको तृष्णा मेटाउने

अमृत ? रुपि सञ्जीवनी दिने (पाण्डे, २०७७, पृ.३२)  ।

माथिका काव्यांशले धर्मनीति र अर्थनीतिको भाव समेत सम्प्रेषण गरेका छन् । समाजनीति र नैतिक  मर्यादाको समेत  यथार्थ भाव सम्प्रेषण गरेका छन् । पाण्डेका कवितामा आएका सामाजिक र नैतिक पक्षको सन्दर्भ चर्चा गर्दा नेपाली कविता सङ्ग्रह भाग २ मा सम्पादक ताराप्रसाद जोशीले पाश्चात्य साहित्यका समीक्षक मैत्थु आर्नोल्डको विचारलाई नैतिकता सापेक्ष हुने भनेर चर्चा गरेका छन् (जोशी, २०४३ पृ३६ ) । यस तथ्यले पाण्डेका कवितामा आएका सामाजिक नैतिक पक्षलाई सान्दर्भिक मान्न सकिने आधार प्रदान गरेको छ ।

मानव हित यो चोलाको धर्म

किन गर्छौ भाइ हो यो कुकर्म ? (पाण्डे, २०७७, पृ.४९) ।

मानव धर्म र कर्तव्यको पाठ सिकाउन आएको माथिको काव्यांशको प्रस्तुति यथार्थ छ । यस अंशले पनि सामाजिक नैतिक भाव सम्प्रेषण गरेको छ । हाम्रो जीवन मानव हितका लागि हो । कुकर्म गर्नलाई होइन भन्ने विषय कवितामा नैतिक  तथा सामाजिक विषय भएर आएको छ ।

***यथार्थ सामाजिक परिवेशको  प्रस्तुति***

'गन्तव्य खै ?' कवितामा कवयित्री पाण्डेले यात्रा र गन्तव्यलाई  दुरुस्तै बनाएर सुन्दर  ढङ्गले उतारेकी छन् । कवितामा देशकाल सामाजिक परिवेश भएर प्रस्तुत भएको छ ।

बाटामा ओहोरदोहोर गर्ने

अनेकन प्रश्न तेर्स्याउँछन्

कतिलाई उत्तर देओस्

कतिलाई स्पष्टीकरण देओस्

कतिलाई सम्भाओस् (पाण्डे, २०७७, पृ.९) ।

कर्तव्य , जिम्मेवारी , दायित्व भनेका आफैँले अनुभूत गर्ने विषय हुन् । यस किसिमका विषयले सामाजिक परिवेशलाई यथार्थ किसिमले चित्रण गर्दछन् । यी स्वभाविक विषय पनि हुन् । यस अर्थमा पनि कवितामा यी पक्ष सबल र सहज बनेर आएका छन् ।

ती सुगन्धित फूलहरुले बास्ना छर्दै थिए,

म मौन आवाज लिई बसेँ

हर्ष खुसीको उमङ्ग पिइरहेँ ।

मेरो प्रकृति आहा !

कति सुन्दर छ

यहाँ के छैन ? (पाण्डे, २०७७, पृ.९३) ।

सामाजिक परिवेशलाई सर्जक पाण्डेले 'प्रकृति' र 'गन्तव्य खै ?' कवितामा दुरुस्त चित्रण गरेकी छन् । सामाजिक परिवेश सजीव बनेको छ । कवितामा व्यक्त भएका सामाजिक र प्राकृतिक विषय यथार्थ छन् ।

***सामाजिक आर्थिक स्थितिको चित्रण***

सर्जक पाण्डेले कवितामा समाज र प्रकृतिलाई दुरुस्त रुपमा चित्रण गरेकी छन् । समाजको चित्रण गर्ने क्रममा समाजको यथार्थ अवस्थ( ासँगै आर्थिक स्थितिको समेत प्रस्तुति उनका कविताले गरेका छन् । यसरी प्रस्तुत गर्दा यथार्थ अवस्थाको चित्रण भएको छ ।

बन्द व्यापार सुकेको छ

बाटो देखाउ सरकार !

मूल्य वृद्धि भएको छ

आम्दानी खस्केको छ

राहत ? खै सरकार ? (पाण्डे, २०७७, पृ.१२) ।

माथिका कविताका अंशले व्यापार, व्यवसाय, रोजगारी समस्यामा रहेको तथ्य उल्लेख गरेका छन् । सरकार रमिते भएको छ भनिएको छ । मूल्य बढेको छ । आम्दानीका बाटा सुकेका छन् । सरकारले आफ्नो दायित्व निर्वाह गर्न सकेको छैन । सरकार नै छैन भैँ छ भनिएको छ ।

'यही हो मेरो नेपाल' कवितामा काव्यकारको विचार यसरी प्रस्तुत भएको छ -

समभदारीमा टेण्डर हुन्छ

विधि पुगेकै छ

थोरैमा काम गर्नेले पाउँछ

अनि कसरी भष्ट्राचार भो (पाण्डे, २०७७, पृ.९७) ।

सरकारी काम कागजी अभिलेखमा अल्भिएको छ । विकास निर्माणका टेण्डर खुल्छन् । विधिमा समस्या छैन । प्रक्रिया पुगेकै छ । मोल घटाघटमा काम हुन्छ । अनि भ्रष्टाचार कसरी भयो बडो पेचिलो प्रश्न उठ्छ । यही यथार्थ काव्यमा प्रस्तुत भएको छ ।

***सांस्कृतिक यथार्थको प्रस्तुति***

सर्जकले काव्यमा हाम्रो संस्कृति र सांस्कृतिक कर्ममा देखा परेका विचलन जस्ताको त्यस्तै रुपमा प्रस्तुत गरेकी छन् । काव्यले तीज र कोरोनालाई जोडेको छ । कोरोनाको कहर काटिरहेका हामी नेपालीहरु तीजको पर्वमा रम्दै गरेको सन्दर्भ कवितामा प्रस्तुत छ ।

आजको तीज ग्रस्त छ

कोरोना कहरले ग्रस्त छ

हाउगुजी छ कोरोना

लखेट्दै आएको बाज भैँ

कठै ! हाम्रो तीज,

थला परेको छ (पाण्डे, २०७७, पृ.१६) ।

संस्कृतिमा देखा परेको विसङ्गतिलाई 'मेरो तीज' कवितामा यसरी प्रस्तुत गरिएको छ -

मेरो तीज आज

वाइन र भोड्कामा

चुर्लुम्म डुबेको छ !

विज्ञापनमा रहेको छ (पाण्डे, २०७७, पृ.१७) ।

के यही हो त हाम्रो तीजको परम्परा ? हाम्रा ग्रामीण खानपानका परिकार खोई ? हाम्रा तीजका आदर्श भनेका के वाइन , भोड्का जस्ता अल्कोहलजन्य पदार्थ नै हुन् त ? प्रश्नात्मक शैलीमा व्यक्त भएका विचार यथार्थ र सामयिक तथा सान्दर्भिक छन् ।

हरियो वस्त्र पहिरन

हरियोको हुने भजन

हरियोमा ? रुमल्लियो मन

नक्कली संस्कृतिमा डुब्यो मन ! (पाण्डे, २०७७, पृ.२४) ।

श्रावण महिना हरियो चुरा, पोते , मेहेन्दी वस्त्र कपडा आदि लगाउने भन्ने कुरा कहाँबाट आयो ? के आधार क ? तथ्यगत कुरा के हो ? यी सबै प्रश्न अनुत्तरित छन् । हामी कसका पछाडि लागिरहेका छौं ? यही यथार्थ तथ्य काव्यले प्रकाश पारेको छ । यहाँ पनि प्रश्नात्मक शैलीमा बडो पेचिलो विषय यथार्थ भएर आएको छ ।

***राजनीतिक यथार्थको प्रस्तुति***

समाजको यथार्थ अवस्था प्रस्तुत गर्ने क्रममा राजनीतिक वस्तुस्थितिको चित्रण गरिएको छ । राजनीति राज्यको नीति भए पनि सर्जकले उक्त अवस्थालाई जीवन्त किसिमले प्रस्तुत गरेकी छन् । कविताका अंशमा यस किसिमको भाव अभिव्यक्त भएको छ :

सरकारी नुन खान्छ ऊ

गुन तिर्दैन दुष्ट छुसे !

छुसेको दुष्ट चरित्र

बोक्ने छँदै छन् दुर्जन (पाण्डे, २०७७, पृ.१९) ।

सरकारी संस्थामा हुने राजनीतिक लुटलाई काव्यमा सर्जकले छुसे पात्रबाट परिभाषित गरेकी छन् । यसले नुनको गुन तिर्नुपर्छ भन्ने विषयलाई जोडदार किसिमले उठाएको छ । यो कुरा नागरिकको राज्यप्रतिको दायित्व पनि हो ।

हाम्रो राजनीति

लाज नीति भो !

हाम्रो समाजनीति !

निषेधनीति भो ! (पाण्डे, २०७७, पृ.२३) ।

राजनीति भनेको राज्यको नीति हो । यो कसैको पक्ष वा विपक्षमा हुनुहुँदैन । राज्यका नजरमा सबै नागरिक समान हुन् । काव्यमा प्रस्तुत भएको विषयले भने राजनीतिमा विचलन भएको बताएको छ । समाज नीति पनि निषेधमा पुगेको छ । यही तितो यथार्थ काव्यले प्रस्तुत गरेको छ ।

***शैक्षिक यथार्थको प्रस्तुति***

देशको शैक्षिक अवस्था कमजोर भएको तथ्य कविता पढ्दा भेटिन्छ । सर्जकले शिक्षा नै देशको रुपान्तरणको मेरुदण्ड भएकाले उक्त अवस्थाको छनक दिएको हुनुपर्छ । कवितामा व्यक्त भावलाई फेरिएको शिक्षक कविताले शिक्षाको वर्तमान अवस्था चित्रण गरेको छ ।

विरोध र समर्थनमा

स्कुलमा हाजिर ठोकेर ।

विद्यालयमा विधि होइन

गुण्डागिरी मच्याउँछ

अफिसमा पार्टीको भेला राख्छ

कक्षा देखेको छैन, विचरा !

नियुक्ति थाहा छैन, उसलाई

वर्षौ भो लिखत छैन (पाण्डे, २०७७, पृ.३३) ।

विद्यालय शिक्षा राजनीतिले ध्वस्त भो ! यसले विधि पद्धति, ऐन सबैमा विचलन ल्याई प्रणाली नै ध्वस्त हुने अवस्थामा पुगेको छ भन्ने सन्देश प्रवाहित गरेको छ । कविता पढ्दा एकातिर यस प्रकारको भाव प्रवाहित हुन्छ भने अर्कोतिर हाम्रो यथार्थ यही हो भन्ने देखाउँछ । हामी कहाँ छौँ ? हाम्रो धरातल के हो ? के गर्दै छौँ ? यी तमाम अनुत्तरित प्रश्न स्वत : उत्तरित हुने परिवेश यथार्थ भएर आउनु काव्यको सफलता मान्नुपर्छ ।

***यथार्थ कर्तव्य र मनोभावको प्रस्तुति***

'कृतासा' काव्य सङ्ग्रहमा सर्जक पाण्डेले मानव कर्तव्य र मनोभावलाई काव्यको विषय बनाएकी छन् । काव्यमा कर्तव्य र मनोभाव यसरी प्रस्तुत भएको छ :

अनायासै चुँडिएका भावहरु

छताछुल्ल पोखिएका आकांक्षाहरु

छरपस्ट भएका सोचहरु

विचल्लीमा परेका चेतहरु

हाम्रा योगहरु, संवेगहरु ( पाण्डे, २०७७ पृ ४१ ) ।

सेवाग्राही फर्काइनँ

अनावश्यक पर्खाइनँ

काममा आएकालाई थर्काइनँ

फायल लुकाइनँ

बहाना वाजी गरिनँ

भाका पर्खाइनँ ( पाण्डे , २०७७ पृ ४६ ) ।

किनेको वस्तु ल्याउन बन्देज गर्नु छ

आफैँ उत्पादनको भोक जगाउनु छ

हजारौँ मान्छेलाई काम गराउने

अठार घन्टा कुरा दोचार्नु सट्टा

श्रम गर्ने र ,

झन् पौरखी  बनाउनु छ

जनसागरलाई अब

सिर्जनामा जोड्ने बनाउनु छ  ( पाण्डे , २०७७ पृ ५२ ) ।

सर्जक पाण्डेले कर्तव्य र मनोभावलाई सजीव बनाएर प्रस्तुत गरेकी छन् । उनको प्रस्तुतिले काव्यमा कर्तव्य र मनोभावको विषय र भावलाई सरल बनाएर यथार्थताको धरातलमा   स्थापित गराउन सकेको छ । काव्यमा यो विषय यथार्थ भएर उपस्थित भएको छ ।

***आदर्शोन्मुख र यथार्थ राष्ट्रवादको प्रस्तुति***

सर्जक पाण्डेले आफ्ना कवितामा समाजको यथार्थ पक्षलाई आदर्शको लेप लगाएर राष्ट्रवादको भाव पोखेकी छन् । 'कृतासा' कविता ;ª\ ग्रह यसको गतिलो दृष्टान्त बनेको छ । राष्ट्रवादप्रति सर्जकको भाव यसरी मुखरित भएको छ :

हाम्रा सबै सीमा नाका

हुचिलबाट बचून्

बाज र गरुडबाट

परेवा र सर्पहरु बचून्

हिंस्रक वनमानुषबाट (पाण्डे, २०७७, पृ.५८) ।

सर्जकले देशको भविष्य यसरी प्रस्तुत गरेकी छिन् -

मेरो भूगोलमा म

मेरो विश्वमा म

मेरो पृथ्वीमा म

मेरो स्वर्ग देख्छु

हाम्रो सर्वस्व देख्छु

हाम्रो त्रिकाल देख्छु (पाण्डे, २०७७, पृ.६१) ।

काव्यमा राष्ट्रियता यसरी पोखिएको छ :

साँझ बिहानमा

जमिन फेरिएको छ

बेलुका वारि नै थियौँ

बिहान उठ्दा पारि भइसकेछौँ (पाण्डे, २०७७, पृ.६४) ।

राष्ट्रवाद यसरी पोखिएको छ

युरोप, अमेरिका

हावा खोरी रहेछन्

यही भूगोल सर्वस्व

यही देश घर

यही गाउँ स्वर्ग रहेछ (पाण्डे, २०७७, पृ.६९) ।

देश जनता, जाति, सभ्यता, संस्कृति भूगोल र विश्व परिवेशलाई काव्यले कलात्मकताको लेप लगाएको छ । कवितामा यी विषय प्राकृतिक र यथार्थ भएर प्रस्तुत भएका छन् ।

***कुटनीतिको प्रस्तुति***

देशको गरिमा बढाउने कुरा भनेको त्यस देशको कुटनीति हो । देश कति कमजोर वा मजबुत छ भन्ने तथ्य देशको कुटनीतिक मर्याद(ाले चिनाउँछ । सर्जकबाट 'नाटक महोत्सव' शीर्षकको कवितामा कुटनीतिको यथार्थ चित्रण भएको छ भन्ने तथ्य तलको श्लोकांशले बताउँछ-

यहाँ सिंहदरबारमै

दिल्ली र बेइजिङ भेटिन्छ

यहाँको स्याल दरबारमा

विदेशी नियोगका लेटर प्याड भेटिन्छ (पाण्डे, २०७७, पृ.६३) ।

नेपाल सरकारको राज्य सञ्चालनको मुटु मानिने सिंहदरबारमा विदेशीहरु खुला पुस्तकालयमा वाचनार्थी झैँ यत्रतत्र भेटिन्छन् । गोपनियता, संवेदनशीलता जस्ता पक्षहरु संवेदनाशून्य देखिन्छन् भन्ने विचारको प्रस्तुतिले कुटनीतिक मर्यादाको गवाही दिएका छन् ।

***भौतिक त्रासको प्रस्तुति***

भौतिक उन्नतिले मत्त भएका तिमीहरु संसार जितेको अनुभूत गर्दैछौँ सायद । खै भावले विजय त देखाउँदैन ? भौतिक उपलब्धिलाई पक्डेर सर्जक यसो भन्छिन् :

'विश्व विजित बन्ने सपना तिम्रो

खै कहाँ ठेस लाग्यो ?

अफगानिस्तान,

इरान ध्वस्त भए

पेन्टागनै पनि

कहाँ सुरक्षित रह्यो र ? (पाण्डे, २०७७, पृ.७४) ।

त्रासको अनुभूति गराउन सर्जकले थप यसो भनेकी छन्-

शक्ति राष्ट्र बन्ने होडले

हठ अनि आवेगले

विचरा ! तिम्रो हैसियत

कठैबरा !

तिम्रो हैसियत

कठैबरा !

तिम्रो खोक्रोपन

जाबो ठानेको होइन ?

तिम्रो शक्ति सुरक्षा खै ? (पाण्डे, २०७७, पृ.७६) ।

माथि आएका कविताका अंशले अहम् , अभिमान , दम्भ र खोक्रोपनको चित्रण गरेका छन् । सर्जकले सुरक्षा संयन्त्र र सुरक्षा चुनौतिको विषयलाई मार्मिक तरिकाले चित्रण गरेकी छन् । उक्त तथ्य कवितामा यथार्थता प्रस्तुत गर्न आएका छन् र यिनले सजीवता समेत पाएका छन् ।

***मानवताको यथार्थ प्रस्तुति***

'कृतासा' कविता सङ्ग्रहमा व्यक्त भएका काव्य अंशले मानवतालाई दुरुस्त रुपमा प्रस्तुत गरेका छन् । मानवता मानवमा हुने मा( नवीय भावका रुपमा काव्यमा प्रस्तुत भएको छ । मान्छेले मान्छेलाई गर्ने मान्छेको जस्तो व्यवहार नै मानवता हो ।

साँझ बिहान पेट भर्न

काम खोज्न पर्ने जमात

कोरोनाको कहरले थलिएपछि

क्वारेन्टाइनमा लगिएपछि

आइसोलेसनमा थन्क्याएपछि

अब तिम्रा जीवनदाता

स्वास्थ्यकर्मी

तिम्रो कर्मलाई सलाम छ ! (पाण्डे, २०७७ पृ.७८) ।

कविताको माथिको अंशले मानवीय भाव केवल स्वास्थ्यकर्मीमा मात्र देखियो भन्ने सन्देश दिएको छ । विषम परिस्थितिमा पनि मानव सेवाको भूमिका स्वास्थ्यकर्मीले निर्वाह गरेको विषय कवितामा व्यवहृत छ । यही मानव सेवाको विषय र भाव नै कवितामा यथार्थ रुपमा प्रस्तुत भएको छ ।

'मानव जुनिको जटिल कर्म ठान्थ्यौ तिमी सँधै

अपजस आउने काम भन्थ्यौ

फुसर्द नहुने भन्थ्यौ

तिम्रो कर्मले सार्थकता पाएको छ,

मानव मनहरु खुसी भएका छन्

तिम्रो कर्मलाई सलाम छ ! (पाण्डे, २०७७, पृ.७९) ।

वास्तविक मानवताको भाव माथिका काव्यांशबाट व्यवहृत भएका छन् । उपर्युक्त तथ्यहरु काव्यमा यथार्थका दृष्टान्त बनेका छन् ।

***धार्मिक, सांस्कृतिक एवम् सामाजिक यथार्थता***

'कृतासा' काव्य सङ्ग्रहमा पाण्डेले समाजसँग जोडिएर आउने विषयलाई दुरुस्त उतारेकी छन् । समाज धार्मिक, सांस्कृतिक रुपमा कति समसामयिक छ ? कुन रुपमा छ ? कसरी रहेको छ ? जस्ता प्रश्नको उत्तरका रुपमा कविता आएको छ ।

समयले मलाई दौडाउँदै छ

यो म्याराथुन हुन सक्छ वा

म समयका लागि दौडिएको

हुन सक्छु,

भाग्यको नियति हुन सक्छ

अनन्तताको यात्रा हुन सक्छ (पाण्डे, २०७७,पृ.८८) ।

माथि उल्लिखित तथ्यहरुले समाजमा व्यवहृत धार्मिक, सांस्कृतिक एवम् समसामयिकतालाई प्रकाशित गरेका छन् । यसर्थ पनि काव्य यथार्थको दृष्टिले सार्थक र सान्दर्भिक छ ।

***जैविक यथार्थताको प्रस्तुति***

पाण्डेले 'यही हो मेरो नेपाल' शीर्षकको कवितामा जैविक विविधतालाई पहिचानका रुपमा प्रस्तुत गरेकी छन् । काव्यमा यो भाव यथार्थ रुपमा मुखरित भएको छ ।

स्वतन्त्र वन्यजन्तुहरु

निर्वाध घुमिरहेका

स्याल र फ्याउराहरु

ब्वाँसा र लोखर्के, दुम्सीहरु

मृग, जरायो र पाण्डाहरु

बाघ, भालु र सिंहहरु

हात्ती, गैडा र निल गाईहरु

.....   .......

मयुर, डाँफेहरु

सुगा, मैना र जुरेलीहरु

चमेरो, वाज र परेवाहरु

गिद्ध र चिलका हुलहरु (पाण्डे, २०७७, पृ.९५) ।

वन्यजन्तु, चराचुरुङ्गीहरुको विविधतालाई सर्जकले जस्ताको त्यस्तै रुपमा प्रस्तुत गरेर सर्जक भएको प्रत्याभूति दिएकी छन् । प्राकृतिक र जैविक विविधताको चित्रण गर्नु कविताको उल्लेख्य पक्ष हो । यही पक्ष नै काव्यमा यथार्थता बुझाउन आएको छ ।

**प्राप्ति**

'सर्जक पाण्डेका कवितामा समसामयिकता सशक्त ढङ्गले मुखरित भएको छ । परिवारको यर्थाथ अवस्था चित्रित हुनु, देशप्रेमको भाव मुखरित हुनु, आशावादी र आदर्शवादी स्वर घन्कनु, नीति चेतना र सामाजिक परिवेशको प्रतिबिम्बन हुनु रचनाका यर्थाथ पहिचान हुन् । सामाजिक आर्थिक अवस्थाको प्रस्तुति, संस्कृतिको चित्रण, राजनीतिक यर्थाथको प्रस्तुति , शैक्षिक अवस्थाको चित्रण, मानवीय मनो भाव र कर्तव्यबोधको अवस्था, राष्ट्रवादको उद्घोष काव्य सर्जकका पहिचानका यर्थाथ उपस्थिति हुन् । कुटनीति, भौतिक उपस्थिति, मानवता, सामयिकता, जैविक पक्ष, धार्मिक सांस्कृतिक चेत कृतासा काव्यका काव्यगत उपलब्धि हुन् ।

**उपयोगिता**

कृतासा काव्यमा व्यवहृत भाव काव्यको सन्देश पक्षसँग सम्बद्ध रहेको छ । यसले व्यक्तिमा नैतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, कुटनीतिक, राजनीतिक, धार्मिक, सामाजिक जस्ता पक्षको विकासमा योगदान गर्दछ । व्यक्तिमा राष्ट्रवादी भाव मुखरित गराउन यो गदान गर्दछ । कर्तव्य बोधको मनोभाव प्रकाशित गराई व्यक्तिलाई मानवीय रुपमा प्रस्तुत हुन मार्ग निर्देश गरेको छ । व्यक्तिको व्यी( क्तत्व विकास र कर्तव्यबोधको भाव काव्यले प्रस्तुत गरेको छ । यस अर्थमा काव्यको औचित्य उपयोगिताको सिद्धान्तका दृष्टिले समे त उपयुक्त र सार्थक छ ।

**सन्दर्भसामग्री सुची**

अधिकारी, गणेशराज, गौतम, वासुदेव र ढुङ्गेल, वासुदेव (२०७९), साहित्य शास्त्र र नेपाली समालोचना , भुँडीपुराण प्रकाशन ।

आचार्य, कृष्णप्रसाद(२०६७) साहित्य शास्त्र र नेपाली समालोचना , क्षिजित प्रकाशन ।

जोशी, ताराप्रसाद , (२०४३) , नेपाली कविता सङ्ग्रह , भाग २, मोहनप्रसाद ।

ढुङ्गेल, वासुदेव, अधिकारी, गणेशराज, गौतम, वासुदेव (२०७६) नेपाली कविता र काव्य , भुँडीपुराण प्रकाशन ।

पाण्डे तारा(२०७७) कृतासा , भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ , दयाराम, (२०७८) यथार्थवाद, शिखा बुक्स ।